नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन { ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

प्रेस विज्ञप्ति

"व्यावसायिक र सृजनशील प्रशासनः विकास, समृद्धि र सुशासन" भन्ने मूल नारा सहित निजामती सेवा दिवस २०८१ निजामती सेवा दिवस मूल समारोह कार्यक्रमका अध्यक्ष तथा नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्यालज्यूको अध्यक्षता तथा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रीज्यू, नेपाली सेनाका प्रधान सेनापतिज्यू, नेपाल सरकारका सचिवज्यूहरु, नेपाल सरकारका पूर्व मुख्य सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखहरु, सेवा सम्वद्ध कर्मचारी ट्रेड युनियनका अध्यक्ष तथा पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्वोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले सङ्घीय निजामती सेवा ऐन संसदवाट यथाशिघ्र जारी गरिने प्रतिवद्दता व्यक्त गर्नुभयो । उहाँले निजामती कर्मचारीले उच्च नैतिकता र निष्ठा कायम राख्दै छिटो छरितो ढङ्गले जनतालाई सेवा प्रवाह गरी समग्र कर्मचारी प्रशासनको छवि उच्च तुल्याउनुपर्ने वताउनु भयो । साथै, उहाँले प्रभावकारी कार्यसम्पादन मार्फत सम्पूर्ण कर्मचारीहरुले जनतासामू आफ्नो प्रतिष्ठा उच्च राखिरहन शुभकामना व्यक्त गर्नुभयो ।

संघीय मामिला तथा समान्य प्रशासन मन्त्री माननीय राज कुमार गुप्ताले देश सङ्घीय शासन व्यवस्थामा प्रवेश गरेपश्चात नेपालको संविधान अनुकुल कर्मचारीतन्त्रलाई व्यवस्थित तुल्याउन नेपाल सरकारद्वारा सङ्घीय संसद्‌मा पेश गरिएको सङ्घीय निजामती सेवा विधेयकलाई उच्च प्राथमिकतामा राखी छिट्टै पारित गराउन विभागीय मन्त्रीको हैसियतले हरसम्भव प्रयत्न गरिरहेको बताउनु भयो ।

निजामती सेवा दिवस मूल समारोह कार्यक्रमका अध्यक्ष तथा नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्यालले वदलिँदो विश्व परिवेशसँगै नेपालको शासन व्यवस्थामा सिर्जित नयाँ आयामहरुलाई सम्वोधन गर्न निजामती सेवा प्रविधिमैत्री, सिर्जनशील, सेवाग्राहीमैत्री र नतिजामुखी हुन जरुरी भएको र सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउँदै राज्यवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कार्यमा निजामती सेवाको प्रमुख भूमिका रहेको वताउनु भयो

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

कार्यक्रममा यस मन्त्रालयका सचिव श्री भरतमणि सुवेदीले स्वागत मन्तव्य व्यक्त गर्नुका साथै निजामती सेवा दिवस २०८१ मा उत्कृष्ठ निजामती सेवा पुरस्कार तथा निजामती सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरुको नामावली घोषणा गर्नु भयो ।

कर्मचारी ट्रेड युनियनका तर्फबाट नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष श्री लेखनाथ कोईरालाले निजामती सेवा ऐन तत्काल जारी गर्न तथा कर्मचारीका सेवा सुविधा वृद्धि गरी कामप्रती उत्प्रेरित गर्नुपर्ने धारणा राख्नु भयो ।

उक्त समाहरोमा सम्माननीय प्रधानमन्त्रीज्यूले निजामती सेवा दिवस २०८० को अवसरमा उत्कृष्ठ निजामती सेवा र निजामती सेवा पुरस्कार प्राप्त गर्ने ४० जना कर्मचारीहरुलाई ताम्रपत्र सहित सम्मान प्रदान प्रदान गर्नु भयो।

मितिः २०८१/५/२२

सहायक प्रवक्ता